संघीय संसद
प्रतिनिधि सभा
छैठौं अधिवेशन
बैठक संख्या - १

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७७ साल वैशाख २६ गते शुक्रबार

प्रतिनिधि सभाको छैठौं अधिवेशनको पहिलो बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको ४:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिबाट प्राप्त अधिवेशन आव्हान सम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम सम्वत् २०७७ साल वैशाख २६ गते शुक्रबारका दिन १६:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा संघीय संसदको दुवै सदनको अधिवेशन आव्हान गरेको छु ।
>
> मिति :- २०७७ वैशाख २१ (विद्यादेवी भण्डारी)

तदुपरान्त सम्माननीय सभामुखले छैठौं अधिवेशनको पहिलो बैठकमा पाल्नुभएका सम्पूर्ण मा० सदस्यहरुलाई हार्दिक स्वागत गर्नुभयो ।

तत्पश्चात सभाले गणतन्त्र र लोकतन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्न उठेर एक मिनेट मौन धारण गऱ्यो ।

त्यसपछि प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले राष्ट्रिय सभामा उत्पत्ति भएका "काठमाडौं उपत्यका सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६" र "पारमाणविक विधेयक, २०७६" का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश टेबुल गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १० को उपनियम (१) बमोजिम सभामुख तथा उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्नको लागि निम्नलिखित मा० सदस्यहरुको नाम मनोनयन गरेको व्यहोरा जानकारी गराउनु भयो ।

१. मा० श्री चन्द्रकान्त चौधरी
२. मा० श्री डिला सँग्रौला (पंत)
३. मा० श्री मान बहादुर विश्वकर्मा
४. मा० श्री राधा कुमारी ज्ञवाली
५. मा० श्री रेखा शर्मा
६. मा० श्री रेनु कुमारी यादव
७. मा० श्री सोमप्रसाद पाण्डेय

तत्पश्चात सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० गृह मन्त्री श्री रामबहादुर थापाले "संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७७" पेश गर्नुभयो ।

त्यसपछि मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा० शिवमाया तुम्वाहाङ्फेले "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउने अध्यादेश, २०७७" पेश गर्नुभयो ।

तदुपरान्त मा० गृह मन्त्री श्री रामबहादुर थापाले "राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७७" पेश गर्नुभयो ।

तत्पश्चात सभाको छैठौं अधिवेशन प्रारम्भको अवसरमा निम्नलिखित मा० सदस्यहरुले दलीय प्रतिनिधित्वको आधारमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री शेरबहादुर देउवा
२. मा० श्री सुवास चन्द्र नेम्वाङ्ग
३. मा० श्री राजेन्द्र महतो
४. मा० डा० बाबुराम भट्टराई
५. मा० श्री दुर्गा पौडेल
६. मा० श्री प्रेम सुवाल

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १४२ बमोजिम आ.व. २०७७/०७८ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथिको छलफल यही २०७७ वैशाख २८ गतेबाट प्रारम्भ हुने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले पूर्व सदस्य विश्वनाथप्रसाद अग्रवालको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक २०६४ सालको संविधान सभा निर्वाचनमा तत्कालिन नेपाली जनता दलबाट समानुपातिक तर्फबाट निर्वाचित सदस्य, नेपालको शिक्षा, सँस्कृति र विज्ञान क्षेत्रमा योगदान पुऱ्याउनु भएका प्रा० डा० विश्वनाथप्रसाद अग्रवालको ७५ वर्षको उमेरमा मिति २०७६ साल फागुन ३० गते शुक्रबार ललितपुरको सानेपास्थित आफ्नै निवासमा असामयिक निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तत्पश्चात सम्माननीय सभामुखले पूर्व सदस्य शिवनारायण उरावको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक २०६४ सालको संविधान सभा निर्वाचनमा तत्कालिन नेपाली काँग्रेस दलबाट समानुपातिक तर्फबाट निर्वाचित सदस्य, लोकतान्त्रिक आन्दोलन र सामाजिक क्षेत्रमा समेत क्रियाशील नेता शिवनारायण उरावको ६१ वर्षको उमेरमा मिति २०७७ साल वैशाख १ गते सोमबार धरानस्थित वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारको क्रममा असामयिक निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

त्यसपछि सभाले स्वर्गीय विश्वनाथप्रसाद अग्रवाल र शिवनारायण उरावको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर बैठक २०७७ साल वैशाख २८ गते आइतबार बिहान ११:०० बजे बस्नेगरी दिनको ६:०० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव